विधेयक संख्या :- १४

# नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

**संघीय संसद् सचिवालय**

**संसद भवन**

**सिंहदरबार ।**

## उद्देश्य र कारण

नेपालको संविधानको भाग २ अन्तर्गत धारा १० देखी धारा १५ सम्म नागरिकता सम्बन्धी व्यवस्था गरिएकोमा उक्त धाराहरुमा व्यवस्था गरिएदेखि बाहेक नागरिकता सम्बन्धी अन्य विषयका हकमा संघीय कानून बमोजिम हुने व्यहोरा उल्लेख छ। संविधानको धारा १० मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने सुनिश्चितता प्रदान गरिनुका साथै प्रादेशिक पहिचान सहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको छ । संविधानले निर्दिष्ट गरे बमोजिम नागरिकता सम्बन्धी विषयमा व्यवस्था गर्नका लागि नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक यस सम्मानीत प्रतिनिधि सभा समक्ष पेश गरेको छु।

ईश्वर पोखरेल

उपप्रधान तथा रक्षा एवं गृहमन्त्री

संघीय संसद सचिवालय

**आर्थिक टिप्पणी**

नेपालको संविधानले निर्दिष्ट गरे अनुरुप संघीय कानून बमोजिम व्यवस्था गर्नुपर्ने नागरिकता सम्बन्धी विषयमा व्यवस्था गर्नका लागि नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक तर्जुमा गर्नु परेको र तर्जुमा गरिएको विधेयकको व्यवस्थाबाट थप आर्थिक व्ययभार पर्ने अवस्था नरहेको ।

ईश्वर पोखरेल
उपप्रधान तथा रक्षा एवं गृहमन्त्री

संघीय संसद सचिवालय

**<u>नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक</u>**

**<u>प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी</u>**

| **सि.नं.** | **दफा** | **प्रत्यायोजित व्यवस्थापनको प्रावधान** | **प्रत्यायोजित व्यवस्थापनको प्रावधान राख्नुपर्ने कारण** |
|---|---|---|---|
| १ | ७क (२) (३) | "७क. गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने : (१) विदेशी मुलुकको नागरिकता प्राप्त गरी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको र साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले राजनीतिक अधिकार बाहेक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।<br><br>(२) उपदफा (१) बमोजिम नागरिकता लिन चाहने व्यक्तिले देहायका कागजात संलग्न राखी मन्त्रालय समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ :-<br><br>(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भए पछि मन्त्रालयले आवश्यक सबुद प्रमाण बुझी निजलाई तोकिए बमोजिम गैर आवासीय नेपाली नागरिकता दिनेछ ।" | गैर आवासिय नेपाली नागरिकता प्राप्त गर्न चाहने व्यक्तिले दिने निवेदनको ढाँचा र त्यस्तो व्यक्तिलाई दिइने नागरिकताको सम्बन्धमा व्यवस्था गर्नु पर्ने भएकोले। |
| २ | ८क | "८क. **<u>परिवारका सदस्यको दायित्व</u>** : (१) नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि निवेदन परेपछि परिवारका सदस्यले तोकिएको अधिकारी समक्ष उपस्थित भई तोकिए बमोजिमको सनाखत गर्नु पर्नेछ। | नागरिकताको निवेदन दिने व्यक्तिको परिवारका सदस्यहरुलाई जिम्मेवार बनाउन सनाखतको व्यहोरा उल्लेख गर्न आवश्यक भएकोले । |
| ३ | १३ | १३. **<u>नेपाली नागरिकताको एक भन्दा बढी प्रमाणपत्र लिन नहुने</u>** : कसैले पनि तोकिए बमोजिम प्रतिलिपि लिन बाहेक नेपाली नागरिकताको एकभन्दा बढी प्रमाणपत्र लिन हुँदैन। | प्रतिलिपि लिन बाहेक एकमात्र नेपाली नागरिकता प्रमाणपत्र रहने व्यवस्था गर्न उपयुक्त भएकोले । |
| ४ | १५(२) | "१५. **<u>अभिलेख राख्ने</u>** : (१) प्रत्येक नेपाली | नेपाली नागरिकको वैयक्तिक र जैविक विवरण तथा नागरिकताको |

संघीय संसद सचिवालय

| | | | |
|---|---|---|---|
| | | नागरिकको वैयक्तिक र जैविक विवरण सहितको परिचय खुल्ने अभिलेख राखिनेछ ।<br><br>(२) उपदफा (१) बमोजिमको अभिलेख र नेपाली नागरिकताको प्रमाणपत्रको अभिलेख राख्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।” | प्रमाणपत्रको अभिलेख व्यवस्थित ढंगले राख्नको लागि आवश्यक भएकोले । |

ईश्वर पोखरेल

उपप्रधान तथा रक्षा एवं गृहमन्त्री

संघीय संसद सचिवालय

# नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| क्र. सं. | दफा | हालको कानूनी व्यवस्था | प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नु पर्नाका कारण |
|---|---|---|---|---|
| १ | १ | २. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-<br>(क) "नाबालक" भन्नाले सोह्र वर्ष उमेर पूरा नभएको व्यक्ति सम्झनु पर्छ ।<br>(ख) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति सम्झनु पर्छ।<br>(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ । | **नेपाल नागरिकता ऐन, २०६३ को दफा २ मा संशोधन** : नेपाल नागरिकता ऐन, २०६३ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ मा देहायको खण्ड (घ) थपिएको छ :-<br>"(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, गृह मन्त्रालय सम्झनु पर्छ ।" | मन्त्रालयको परिभाषा गर्नु पर्ने भएकोले । |
| २ | ३ | **३. वंशजको नाताले नेपाली नागरिकता प्राप्ति** : (१) कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गर्ने नेपाली | **३. मूल ऐनको दफा ३ मा संशोधन** : मूल ऐनको दफा ३ को,-<br>(१) उपदफा (१) मा रहेको "हुँदा" भन्ने शब्दको सट्टा "हुँदाका बखत" भन्ने शब्दहरु राखिएका छन् ।<br>(२) उपदफा (३) मा रहेको "नेपाल सरहदभित्र" भन्ने शब्दहरुको सट्टा "नेपालभित्र" भन्ने शब्द राखी सोही | नेपालको संविधानको धारा ११ अनुरुप बनाउनु पर्ने भएकोले |

| | | | | |
|---|---|---|---|---|
| | | नागरिक महिलाबाट जन्मिएका सन्तानको हकमा दफा ५ को उपदफा (२) बमोजिम हुनेछ ।<br>(३) नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजका नाताले नेपालको नागरिक मानिनेछ । | उपदफामा रहेका "पितृत्व मातृत्वको" भन्ने शब्दहरुको सट्टा "पितृत्व र मातृत्वको" भन्ने शब्दहरु राखिएका छन् ।<br>(३) उपदफा (३) पछि देहायका उपदफा (४), (५) र (६) थपिएका छन् :-<br>"(४) संवत् २०७२ साल असोज ३ गते भन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तान बालिग भए पछि वंशजको आधारमा नेपालको नागरिक मानिनेछ ।<br>(५) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक मानिनेछ ।<br>(६) उपदफा (५) बमोजिम नागरिकता प्राप्त व्यक्तिको बाबुको पहिचान भई विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिले वंशजको आधारमा लिएको नागरिकता कायम रहने छैन र निजले बाबुको नामबाट विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको भनी स्वघोषणा गरेमा निजको नागरिकतालाई अङ्गिकृत नागरिकतामा परिणत गरिनेछ ।" | |
| ३. | ४ | **४. जन्मको आधारमा नेपाली नागरिकता प्राप्ति :**<br>(१) सम्वत् २०४६ साल चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रुपले | **खारेज गरिएको** | संविधान अनुकुलको व्यवस्था गर्नुपर्ने |

संघीय संसद सचिवालय

| | | | | |
|---|---|---|---|---|
| | | बसोबास गर्दै आएको व्यक्ति जन्मको आधारमा नेपालको नागरिक हुनेछ ।<br>(२) उपदफा (१) बमोजिम नागरिकताको प्रमाणपत्र प्राप्त गर्न चाहने व्यक्तिले संविधानसभाको निर्वाचन हुनु अगावै निवेदन दिने र नागरिकताको प्रमाणपत्र प्रदान गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ ।<br>(३) उपदफा (२) बमोजिमको समयावधिभित्र विशेष कारणवश निवेदन दिन नसक्ने व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र तोकिए बमोजिम निवेदन दिन सक्नेछ । | | भएकोले । |
| ४. | ५ | **५. अङ्गीकृत नेपाली नागरिकता प्राप्ति** : (१) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तोकिएको अधिकारीसमक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ । त्यसरी निवेदन दिँदा नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पनि साथै पेश गर्नु पर्नेछ ।<br>विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको | ४. **<u>मूल ऐनको दफा ५ मा संशोधन</u> :** मूल ऐनको दफा ५ को,-<br>(१) उपदफा (१) मा रहेको "भएकी" भन्ने शब्दको सट्टा "कायम गरेकी" भन्ने शब्दहरु राखिएका छन् ।<br>(२) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन् :-<br>"(१क) उपदफा (१) बमोजिम नागरिकता प्राप्त गर्न चाहने महिलाले नेपालको नागरिकता प्राप्त गरेको मितिले छ महिनाभित्र विदेशको नागरिकता परित्याग गरेको निस्सा पेश गर्नु पर्नेछ ।<br>(१ख) उपदफा (१क) बमोजिमको समय सीमाभित्र विदेशको नागरिकता परित्याग गरेको निस्सा पेश गर्न | संविधानको धारा ११ को व्यवस्थासँग तादाम्यता कायम गर्नको आवश्यक भएकोले । |

संघीय संसद सचिवालय

| | | | | |
|---|---|---|---|---|
| | | र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिए बमोजिम अङ्गीकृत नागरिकता प्रदान गर्न सकिनेछ ।<br><br>उपदफा (२) बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न चाहने व्यक्तिले देहायका कागजात संलग्न गरी तोकिएको अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ :-<br><br>(क)आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br><br>(ख) नेपालमा जन्म भई स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सिफारिस,<br><br>(ग) बाबुको नागरिकताको आधारमा कुनै विदेशी मुलुकको नागरिकता नलिएको निस्सा ।<br><br>(४) देहायका शर्त र अवस्था पूरा गरिसकेका विदेशी नागरिकमध्ये विज्ञान, दर्शनशास्त्र, कला, साहित्य, विश्वशान्ति, मानव कल्याण वा नेपालको औद्योगिक, आर्थिक वा सामाजिक उन्नतिमा विशेष योगदान पुऱ्याएको वा पुऱ्याउन सक्ने भनी मनासिब आधारमा नेपाल सरकारले ठहऱ्याएको व्यक्तिलाई तोकिए बमोजिम अङ्गीकृत नेपाली नागरिकता प्रदान | नसकेमा उपदफा (१) बमोजिम प्राप्त गरेको नेपालको नागरिकता रद्द हुनेछ ।"<br><br>(३) उपदफा (२) मा रहेका "जन्मिएका छोरा छोरीको" भन्ने शब्दहरुको सट्टा "जन्मिएको व्यक्तिको" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "निजको नेपालमा जन्म भई" भन्ने शब्दहरु झिकिएका छन् ।<br><br>(४) उपदफा (३) को खण्ड (ख) मा रहेका "जन्म भई" भन्ने शब्दहरु झिकिएका छन् ।<br><br>(५) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :-<br><br>"(३क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट नेपालमा जन्मिएको व्यक्तिले नागरिकता प्राप्त गर्दाका बखत निजका बाबु र आमा दुवै नेपाली नागरिक रहेछन् भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ ।" | |

| | | | | |
|---|---|---|---|---|
| | | गर्न सकिनेछ :-<br>(क) नेपाली वा नेपालमा प्रचलित अन्य कुनै भाषा बोल्न र लेख्न जानेको,<br>(ख) नेपालमा कुनै व्यवसाय गरी बसेको,<br>(ग) अन्य मुलुकको नागरिकता त्यागेको वा त्याग्ने घोषणा गरेको,<br>(घ) कम्तीमा पन्ध्र वर्षसम्म नेपालमा बसोबास गरेको,<br>(ङ) नेपाली नागरिकलाई अङ्गीकृत नागरिकता दिने कानूनी व्यवस्था वा प्रचलन भएको मुलुकको नागरिक भएको, (च) असल चालचलन भएको,<br>(छ) मानसिक रुपले स्वस्थ भएको ।<br>(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अङ्गीकृत नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको सन्तानमध्ये निजले सो नागरिकता प्राप्त गर्नुभन्दा पहिले जन्मेको सन्तानले तोकिए बमोजिम अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्नसक्नेछ ।<br>(६) यस दफा बमोजिम अङ्गीकृत नेपाली नागरिकता पाउने व्यक्तिलाई अनुसूची बमोजिमको शपथग्रहण गराई तोकिएको ढाँचामा नेपाली नागरिकताको | | |

संघीय संसद सचिवालय

| | | | | |
|---|---|---|---|---|
| | | प्रमाणपत्र प्रदान गरिनेछ र त्यस्तो प्रमाणपत्र पाएको मितिदेखि त्यस्तो व्यक्ति नेपालको अङ्गीकृत नागरिक हुनेछ । | | |
| ५ | ७ | | **५. <u>मूल ऐनमा दफा ७क. थप</u> :** मूल ऐनको दफा ७ पछि देहायको दफा ७क. थपिएको छ :-<br><br>"७क. **<u>गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने</u> :** (१) विदेशी मुलुकको नागरिकता प्राप्त गरी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको र साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले **राजनीतिक अधिकार बाहेक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी** गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।<br><br>(२) उपदफा (१) बमोजिम नागरिकता लिन चाहने व्यक्तिले देहायका कागजात संलग्न राखी मन्त्रालय समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ :-<br><br>(क) निवेदन दिने व्यक्ति वा निजको बाबु वा आमा, बाजे वा बज्यै साविकमा नेपालको नागरिक रहेको प्रमाण,<br><br>(ख) सम्बन्धित व्यक्तिले साबिकमा नेपालको | नेपालको संविधानको धारा १४ मा गैर आवासीय नेपाली नागरिक सम्बन्धी व्यवस्था रहेकोले सो अनुरुप **राजनीतिक अधिकार बाहेक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी** ऐनमा व्यवस्था गर्नुपर्ने भएकोले । |

संघीय संसद सचिवालय

| | | | | |
|---|---|---|---|---|
| | | | नागरिकता लिई परित्याग गरेकोमा त्यसको प्रमाण,<br>(ग) विदेशी मुलुकको नागरिकता भएको प्रमाण,<br>(घ) दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनका सदस्य राष्ट्र बाहेकको देशमा बसोबास गरेको प्रमाण,<br>(ङ) नेपालको संविधान र कानूनको परिपालना गर्ने प्रतिबद्धतापत्र ।<br>(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भए पछि मन्त्रालयले आवश्यक सबुद प्रमाण बुझी निजलाई तोकिए बमोजिम गैर आवासीय नेपाली नागरिकता दिनेछ ।" | |

संघीय संसद सचिवालय

| | | | | |
|---|---|---|---|---|
| ६ | ८ | ८. **नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि निवेदन दिनु पर्ने :** (१) दफा ३ बमोजिम वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले तोकिएको अधिकारीसमक्ष देहायका कागजातका प्रतिलिपि संलग्न राखी निवेदन दिनु पर्नेछ :-<br>(क) बाबु वा आमा वा आफ्नो वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र,<br>तर, विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाको हकमा यो व्यवस्था लागू हुने छैन ।<br>(ख ) जन्मस्थान र नाता खुल्ने गरी गाउँपालिका वा नगरपालिकाले गरिदिएको सिफारिस ।<br>(२) दफा ४ बमोजिम जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले तोकिएको अधिकारीसमक्ष देहायका कागजातको प्रतिलिपि संलग्न राखी निवेदन दिनुपर्नेछ :-<br>(क) निजको जन्म नेपालमा भएको र नेपालमा स्थायी रुपमा बसोबास गर्दै आएको व्यहोरा खुल्ने गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाले | ६. **मूल ऐनको दफा ८ मा संशोधन :** मूल ऐनको दफा ८ को,-<br>(१) उपदफा (१) को,-<br>(क) खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।<br>(ख) खण्ड (क) पछि देहायका खण्ड (क१) र (क२) थपिएका छन् :-<br>"(क१) विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाको हकमा पतिको देशको नागरिकता नलिएको वा त्याग गरेको प्रमाण,"<br>(क२) नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा निजको बाबुको पहिचान हुन नसकेको पुष्ट्याई सहित निज वा निजको आमाले गरेको स्वघोषणा ।"<br>(२) उपदफा (२) झिकिएको छ ।<br>(३) उपदफा (३) मा रहेका "उपदफा (१) वा (२)" भन्ने शव्दहरुको सट्टा "उपदफा (१)" भन्ने शव्दहरु राखिएका छन् । | नेपाली नागरिक महिलाले नेपालको ना.प्र.प. प्राप्त गर्नुभन्दा अघि विदेशीसँग विवाह गरेकै आधारमा नेपाली नागरिकता प्राप्त गर्ने अधिकारबाट वञ्चित गर्न उचित नभएकोले ।<br>ग. बाबु पहिचान नभएको अवस्थालाई सम्बन्धित व्यक्तिबाट विश्वसनीय बनाउन । |

संघीय संसद् सचिवालय

| | | | | |
|---|---|---|---|---|
| | | गरिदिएको सिफारिस,<br>(ख) आफ्नो वा परिवारको नामको जग्गाधनी दर्ता प्रमाणपूर्जा वा मोहियानी हकको प्रमाणपत्र वा घरधुरी प्रमाण वा निर्वाचन आयोगले तयार गरेको मतदाता नामावलीमा निजको वा निजको बाबु वा आमाको नाम समावेश भएको प्रमाण ।<br>(३) उपदफा (१) **वा (२)** बमोजिम निवेदन प्राप्त भएपछि तोकिएको अधिकारीले प्राप्त प्रमाणका आधारमा छानबिन गरी निजलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनेछ ।<br>(४) कुनै व्यक्तिले उपदफा (१) **वा (२)** बमोजिमका प्रमाणहरु निवेदनसाथ पेश गर्न नसकेको अवस्थामा तोकिएको अधिकारीले स्थलगत सर्जमिन र निवेदकलाई चिन्ने सोही वडामा बसोबास गर्ने कम्तीमा तीनजना नेपाली नागरिकताको प्रमाणपत्र लिइसकेका व्यक्तिले सर्जमिनस्थलमै गरेको सनाखतको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सक्नेछ । | (४) उपदफा (४) मा रहेका "उपदफा (१) वा (२)" भन्ने शव्दहरुको सट्टा "उपदफा (१)" भन्ने शव्दहरु राखी सोही उपदफामा रहेको "कम्तीमा तीनजना नेपाली नागरिकताको प्रमाणपत्र लिई सकेका व्यक्तिले" भन्ने शब्दको सट्टा "कम्तीमा दुई जना नेपाली नागरिकताको प्रमाणपत्र लिई सकेका व्यक्ति र सम्बन्धित स्थानीय तहको कम्तीमा एक जना पदाधिकारी वा सदस्यले" भन्ने शब्दहरु राखिएका छन् । | संविधानमा भएको व्यवस्था अनुरुप तादाम्यता कायम गर्न आवश्यक भएकोले । |
| ७ | | | **७. <u>मूल ऐनमा दफा ८क. र ८ख. थप</u>** : मूल ऐनको दफा ८ पछि देहायका दफा ८क. र ८ख.थपिएका छन् :- | परिवारका सदस्यहरुलाई जिम्मेवार बनाउन |

संघीय संसद सचिवालय

| | | | | |
|---|---|---|---|---|
| | | | "८क. **परिवारका सदस्यको दायित्व** : (१) नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि निवेदन परेपछि परिवारका सदस्यले तोकिएको अधिकारी समक्ष उपस्थित भई तोकिए बमोजिमको सनाखत गर्नु पर्नेछ।<br><br>(२) उपदफा (१) बमोजिम सनाखत गर्न सम्बन्धित परिवारका सदस्य उपस्थित नभएमा सम्बन्धित अधिकारी वा कार्यालयले निवेदन परेको मितिले बाटोको म्याद बाहेक सात दिनभित्र कार्यालयमा उपस्थित हुनका लागि म्याद जारी गर्न सक्नेछ । | आवश्यक भएकोले । |
| ८ | | | ८ख. **पहिचान सहितको नागरिकता** : (१) यस ऐनमा व्यवस्था भए बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिलाई नेपाली नागरिक आमा वा बाबुको नाम र ठेगानाबाट नागरिकता दिन सकिनेछ ।<br><br>(२) उपदफा (१) बमोजिम दिइने नेपाली नागरिकताको प्रमाणपत्रको लिङ्गको महलमा महिला वा पुरुष वा अन्य उल्लेख गरी लैङ्गिक पहिचान समेत खुलाउनु पर्नेछ ।<br><br>(३) यस ऐन बमोजिम वंशजको आधारमा दिइने नागरिकता तथा अङ्गिकृत नागरिकताको प्रमाणपत्रमा त्यस्तो व्यक्तिको स्थायी ठेगाना रहेको प्रदेशको | संविधानको धारा १२ मा भएको व्यवस्थालाई कार्यान्वयन गर्नको लागि आवश्यक भएकोले । |

संघीय संसद सचिवालय

| | | | | |
|---|---|---|---|---|
| | | | पहिचान समेत खुलाउनु पर्नेछ ।” | |
| ९ | ९ | **९. नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार** : वंशजको नाताले, जन्मको आधारमा वा अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ । | ८. **मूल ऐनको दफा ९ मा संशोधन** : मूल ऐनको दफा ९ मा रहेको “वंशजको नाताले, जन्मको आधारमा वा अङ्गीकृत” भन्ने शब्दहरुको सट्टा “वंशजको नाताले वा अङ्गीकृत” भन्ने शब्दहरु राखिएका छन् । | ऐनमा भएको जन्मको आधारमा भन्ने शव्द झिक्न आवश्यक भएकोले । |
| १० | १३ | १३. दोहोरो नागरिकताको प्रमाणपत्र लिन नहुने : कसैले पनि एकभन्दा बढी नागरिकताको प्रमाणपत्र लिन हुँदैन ।<br>तर बसाइँ सरेको आधारमा कुनै व्यक्तिले चाहेमा सम्बन्धित कार्यालयबाट निजले पहिले लिएको नागरिकता खिची अर्को नागरिकताको प्रमाणपत्र जारी गर्न बाधा पर्ने छैन । | **मूल ऐनको दफा १३ मा संशोधन** : मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छ :-<br>“१३. **नेपाली नागरिकताको एक भन्दा बढी प्रमाणपत्र लिन नहुने** : कसैले पनि तोकिए बमोजिम प्रतिलिपि लिन बाहेक नेपाली नागरिकताको एकभन्दा बढी प्रमाणपत्र लिन हुँदैन ।<br>तर नेपालको एक ठाउँबाट बसाइ सरी नेपालकै अर्को ठाउँमा गएको व्यक्तिले हाल बसोबास गरेको स्थानको ठेगानाबाट नागरिकता लिन चाहेमा सम्बन्धित कार्यालयले निजले पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।” | नेपाली नागरिकले एकभन्दा बढी नेपाली नागरिकताको प्रमाणपत्र लिने कार्यलाई हतोत्साही गर्न आवश्यक भएकोले । |
| ११ | १४ | १५. **नागरिकताको प्रमाणपत्रको अभिलेख राख्ने** : | **मूल ऐनमा दफा १५ मा संशोधन** : मूल ऐनको दफा | नेपाली नागरिकको |

| | | | | |
|---|---|---|---|---|
| | | नेपाली नागरिकताको प्रमाणपत्रको अभिलेख राख्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । | १५ को सट्टा देहायको दफा १५ राखिएको छ :-<br><br>“१५. **अभिलेख राख्ने** : (१) प्रत्येक नेपाली नागरिकको वैयक्तिक र जैविक विवरण सहितको परिचय खुल्ने अभिलेख राखिनेछ ।<br><br>(२) उपदफा (१) बमोजिमको अभिलेख र नेपाली नागरिकताको प्रमाणपत्रको अभिलेख राख्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।” | वैयक्तिक र जैविक विवरण सहितको परिचय खुल्ने गरी अभिलेख राख्न आवश्यक भएकोले । |
| १२ | १७ | **१७. विवरण सच्याउने :** (१) कुनै व्यक्तिले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित थर वा उमेर शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक पर्न गई वा नागरिकताको प्रमाणपत्रमा सानातिना त्रुटि भई सो विवरण सच्याउन चाहेमा आवश्यक प्रमाण सहित तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।<br><br>स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि “सानातिना त्रुटि” भन्नाले नागरिकताको प्रमाणपत्रमा उल्लिखित विवरणमा तात्विक अन्तर | १२. **मूल ऐनको दफा १७ मा संशोधन** : मूल ऐनको दफा १७ को,-<br><br>(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-<br><br>“(१क) उपदफा (१) बमोजिम उमेर सच्याउन चाहने व्यक्तिले नागरिकताको प्रमाणपत्र जारी भएको मितिले एक वर्षभित्र सम्बन्धित अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ ।”<br><br>(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-<br><br>“(४) नेपाली नागरिकताको प्रमाणपत्र लिई सकेका व्यक्तिले पछि लिङ्ग परिवर्तन गरी परिवर्तित लैङ्गिक पहिचान सहितको नागरिकताको प्रमाणपत्र लिन | नागरिकतामा भएको विवरण सच्चाउनको लागि निश्चित समय प्रदान गर्न आवश्यक भएकोले । |

संघीय संसद सचिवालय

| | | | | |
|---|---|---|---|---|
| | | नपर्ने जस्तैः “कुमारी”, “देवी”, “बहादुर”, “प्रसाद” जस्ता शब्द बढी राखिएको वा छुटेको वा आकार, इकारमा फरक परेको वा यस्तै अन्य सानातिना त्रुटिलाई जनाउनेछ ।<br><br>(२) उपदफा (१) बमोजिम निवेदन परेपछि सम्बन्धित अधिकारीले निजसँग भएको सबुद प्रमाण र आवश्यकता अनुसार साक्षी सर्जमिन समेत बुझी त्यस्तो विवरण सच्याई पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।<br><br>(३) विवाह वा सम्बन्धविच्छेद भएकी महिलाले थर, वतन वा अन्य विवरण संशोधन गर्न निवेदन दिएमा तोकिएको अधिकारीले आवश्यक कुरा बुझी पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची थर, वतन वा विवरण संशोधन गरी अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ । | निवेदन दिएमा सम्बन्धित अधिकारीले आवश्यक सबुद प्रमाण बुझी पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।” | |

संघीय संसद सचिवालय

| | | | | |
|---|---|---|---|---|
| १३ | २० | २०. **अधिकार प्रत्यायोजन** : (१) नेपाल सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार नेपाल सरकारको कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।<br>तर, दफा १४ बमोजिम नेपाली नागरिकबाट हटाउने अधिकार प्रत्यायोजन हुने छैन ।<br>(२) यस ऐन बमोजिम नागरिकताको प्रमाणपत्र वितरण गर्न तोकिएको अधिकारीले आफूलाई प्राप्त अधिकार कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ । | **मूल ऐनको दफा २० मा संशोधन :** मूल ऐनको दफा २० को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ । | नागरिकबाट हटाउने व्यवस्था प्रत्यायोजन गर्न नमिल्ने भएकोले । |
| १४ | २१ | **२१. दण्ड सजाय** : (१) कुनै विदेशीले नेपाली नागरिक भएको दाबी गरी झुठो विवरण दिई नेपाली नागरिकता प्राप्त गरेमा एक वर्षदेखि पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । झुठो विवरण दिई नागरिकता प्राप्त गरे बापत यस उपदफा बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वतः रद्द हुनेछ ।<br>(२) कुनै विदेशीलाई झुठो विवरणका आधारमा नागरिकता दिलाउने कार्यमा सनाखत वा सिफारिस | **१४. मूल ऐनको दफा २१ मा संशोधनः** मूल ऐनको दफा २१ को,-<br>(१) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-<br>"(२क) कुनै स्वदेशीलाई झुट्टो विवरणका आधारमा नागरिकता दिलाउने कार्यमा सनाखत वा सिफारिस गर्ने व्यक्तिलाई तीन महिना देखि एक वर्ष छ महिनासम्म कैद वा दश हजार देखि पच्चिस सजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।"<br>(२) उपदफा (३) पछि देहायका उपदफा (३क), (३ख) | झुठो विवरण दिई नागरिकता लिने व्यवस्थालाई निरुत्साहित गर्न कडाईका साथ लागू गर्न आवश्यक भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | गर्ने व्यक्तिलाई छ महिनादेखि तीन वर्षसम्म कैद वा पच्चीस हजारदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।<br><br>(३) कसैले नेपाली नागरिकताको झुठो वा किर्ते प्रमाणपत्र खडा गरेमा वा बनाई प्रचलनमा ल्याएमा त्यस्तो कार्य गर्ने, गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद वा बीस हजारदेखि एकलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।<br><br>(४) कसैले सक्कल नागरिकताको प्रमाणपत्रमा भएको विवरणमा आफूखुशी थपघट गरेमा वा सच्याएमा त्यस्तो कार्य गर्ने, गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।<br><br>(५) दफा १२ बमोजिम झुठो विवरण दिई नागरिकताको प्रमाणपत्र प्राप्त गरेमा वा दफा १७ बमोजिम सच्याइएको विवरण झुठो प्रमाणित भएमा त्यस्तो झुठो विवरण दिने व्यक्तिलाई वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप अन्य कुनै कसूर गर्ने गराउने व्यक्तिलाई पन्ध्र हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।<br><br>(६) नेपाली नागरिकताको प्रमाणपत्र दिने अधिकारीले | र (३ग) थपिएका छन् :-<br><br>“(३क) दफा ८ को उपदफा (१) को खण्ड (ग) बमोजिम गरेको स्वघोषणा झुट्टा ठहरेमा त्यस्तो स्वघोषणा गर्ने व्यक्तिलाई एक वर्ष देखि पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । यसरी झुट्टा स्वघोषणा गरी नागरिकता प्राप्त गरे वापत यस उपदफा बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वतः रद्द हुनेछ ।<br><br>(३ख) कसैले दफा १३ विपरीत नेपाली नागरिकताको एक भन्दा बढी प्रमाणपत्र लिएमा त्यस्तो व्यक्तिलाई एक वर्ष देखि पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । यसरी नेपाली नागरिकताको एक भन्दा बढी प्रमाणपत्र लिए वापत यस उपदफा बमोजिम सजाय भएमा निजले लिएको नागरिकताको प्रमाणपत्रको यथार्थता बुझी पहिले लिएको नागरिकता कायम गरी अन्य नागरिकता रद्द गर्नु पर्नेछ ।<br><br>तर पहिले लिएको नागरिकतामा झुट्टा विवरण रहेको ठहर भएमा सही विवरण भएको नागरिकता कायम गरी अन्य नागरिकता रद्द गर्नु पर्नेछ ।<br><br>(३ग) मनासिब कारण बेगर दफा ८क. को उपदफा | |

| | | | | |
|---|---|---|---|---|
| | | जानी-जानी वा बदनीयत राखी यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत हुने गरी नागरिकताको प्रमाणपत्र दिएमा वा नागरिकताको प्रमाणपत्रको विवरण सच्याएमा त्यस्तो पदाधिकारी वा कर्मचारीउपर प्रचलित कानून बमोजिम विभागीय कारबाही हुनेछ ।<br><br>(७) उपदफा (१), (२) र (३) अन्तर्गत सजाय हुने कसूर गर्न उद्योग गर्ने वा मद्दत गर्ने व्यक्तिलाई सोही उपदफामा तोकिएको सजायको आधा सजाय हुनेछ । | (२) बमोजिम जारी गरिएको म्यादभित्र सनाखत गर्न उपस्थित नहुने व्यक्तिलाई तीन महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरीबाना वा दुवै सजाय हुनेछ ।” | |

ईश्वर पोखरेल

उपप्रधान तथा रक्षा एवं गृहमन्त्री

संघीय संसद सचिवालय

## <u>नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक</u>

प्रस्तावना : नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>नेपाल नागरिकता ऐन, २०६३ को दफा २ मा संशोधन</u>**: नेपाल नागरिकता ऐन, २०६३ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ मा देहायको खण्ड (घ) थपिएको छ :–

"(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, गृह मन्त्रालय सम्झनु पर्छ ।"

३. **<u>मूल ऐनको दफा ३ मा संशोधन</u>**: मूल ऐनको दफा ३ को,–

(१) उपदफा (१) मा रहेको "हुँदा" भन्ने शब्दको सट्टा "हुँदाका बखत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (३) मा रहेको "नेपाल सरहदभित्र" भन्ने शब्दहरुको सट्टा "नेपालभित्र" भन्ने शब्द राखी सोही उपदफामा रहेका "पितृत्व मातृत्वको" भन्ने शब्दहरुको सट्टा "पितृत्व र मातृत्वको" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (३) पछि देहायका उपदफा (४), (५) र (६) थपिएका छन् :–

"(४) संवत् २०७२ साल असोज ३ गते भन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तान बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिक मानिनेछ ।

(५) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक मानिनेछ ।

(६) उपदफा (५) बमोजिम नागरिकता प्राप्त व्यक्तिको बाबुको पहिचान भई विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिले वंशजको आधारमा लिएको नागरिकता कायम रहने छैन र निजले बाबुको नामबाट विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको भनी स्वघोषणा गरेमा निजको नागरिकतालाई अङ्गिकृत नागरिकतामा परिणत गरिनेछ ।"

४. **<u>मूल ऐनको दफा ५ मा संशोधन</u>** : मूल ऐनको दफा ५ को,–

(१) उपदफा (१) मा रहेको "भएकी" भन्ने शब्दको सट्टा "कायम गरेकी" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन् :–

संघीय संसद सचिवालय

"(१क) उपदफा (१) बमोजिम नागरिकता प्राप्त गर्न चाहने महिलाले नेपालको नागरिकता प्राप्त गरेको मितिले छ महिनाभित्र विदेशको नागरिकता परित्याग गरेको निस्सा पेश गर्नुपर्नेछ ।

(१ख) उपदफा (१क) बमोजिमको समय सीमाभित्र विदेशको नागरिकता परित्याग गरेको निस्सा पेश गर्न नसकेमा उपदफा (१) बमोजिम प्राप्त गरेको नेपालको नागरिकता रद्द हुनेछ ।"

(३) उपदफा (२) मा रहेका "जन्मिएका छोरा छोरीको" भन्ने शब्दहरुको सट्टा "जन्मिएको व्यक्तिको" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "निजको नेपालमा जन्म भई" भन्ने शब्दहरु झिकिएका छन् ।

(४) उपदफा (३) को खण्ड (ख) मा रहेका "जन्म भई" भन्ने शब्दहरु झिकिएका छन् ।

(५) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएकोछ :–

"(३क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट नेपालमा जन्मिएको व्यक्तिले नागरिकता प्राप्त गर्दाका बखत निजका बाबु र आमा दुवै नेपाली नागरिक रहेछन् भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ ।"

५. **<u>मूल ऐनमा दफा ७क. थप</u>** : मूल ऐनको दफा ७ पछि देहायको दफा ७क. थपिएको छ :–

"७क. **<u>गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्नसक्ने:</u>** (१) विदेशी मुलुकको नागरिकता प्राप्त गरी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको र साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले राजनीतिक अधिकार बाहेक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नागरिकता लिन चाहने व्यक्तिले देहायका कागजात संलग्न राखी मन्त्रालय समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ :–

(क) निवेदन दिने व्यक्ति वा निजको बाबु वा आमा, बाजे वा बज्यै साविकमा नेपालको नागरिक रहेको प्रमाण,

(ख) सम्बन्धित व्यक्तिले साबिकमा नेपालको नागरिकता लिई परित्याग गरेकोमा त्यसको प्रमाण,

(ग) विदेशी मुलुकको नागरिकता भएको प्रमाण,

(घ) दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनका सदस्य राष्ट्र बाहेकको देशमा बसोबास गरेको प्रमाण,

संघीय संसद सचिवालय

(ङ) नेपालको संविधान र कानूनको परिपालना गर्ने प्रतिबद्धतापत्र ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भए पछि मन्त्रालयले आवश्यक सबुद प्रमाण बुझी निजलाई तोकिए बमोजिम गैर आवासीय नेपाली नागरिकता दिनेछ ।"

६. **<u>मूल ऐनको दफा ८ मा संशोधन</u>** : मूल ऐनको दफा ८ को,–

(१) उपदफा (१) को,–

(क) खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

(ख) खण्ड (क) पछि देहायका खण्ड (क१) र (क२) थपिएका छन् :–

"(क१) विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाको हकमा पतिको देशको नागरिकता नलिएको वा त्याग गरेको प्रमाण,"

(क२) नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा निजको बाबुको पहिचान हुन नसकेको पुष्ट्याई सहित निज वा निजको आमाले गरेको स्वघोषणा ।"

(२) उपदफा (२) झिकिएको छ ।

(३) उपदफा (३) मा रहेका "उपदफा (१) वा (२)" भन्ने शव्दहरुको सट्टा "उपदफा (१)" भन्ने शव्दहरु राखिएका छन् ।

(४) उपदफा (४) मा रहेका "उपदफा (१) वा (२)" भन्ने शव्दहरुको सट्टा "उपदफा (१)" भन्ने शव्दहरु राखी सोही उपदफामा रहेको "कम्तीमा तीनजना नेपाली नागरिकताको प्रमाणपत्र लिई सकेका व्यक्तिले" भन्ने शब्दको सट्टा "कम्तीमा दुई जना नेपाली नागरिकताको प्रमाणपत्र लिई सकेका व्यक्ति र सम्बन्धित स्थानीय तहको कम्तीमा एक जना पदाधिकारी वा सदस्यले" भन्ने शब्दहरु राखिएका छन् ।

७. **<u>मूल ऐनमा दफा ८क. र ८ख. थप</u>** : मूल ऐनको दफा ८ पछि देहायका दफा ८क. र ८ख.थपिएका छन् :–

"८क. **<u>परिवारका सदस्यको दायित्व</u>** : (१) नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि निवेदन परेपछि परिवारका सदस्यले तोकिएको अधिकारी समक्ष उपस्थित भई तोकिए बमोजिमको सनाखत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सनाखत गर्न सम्बन्धित परिवारका सदस्य उपस्थित नभएमा सम्बन्धित अधिकारी वा कार्यालयले निवेदन परेको मितिले बाटोको म्याद बाहेक सात दिनभित्र कार्यालयमा उपस्थित हुनका लागि म्याद जारी गर्न सक्नेछ ।

८ख. **पहिचान सहितको नागरिकता:**(१) यस ऐनमा व्यवस्था भएबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिलाई नेपाली नागरिक आमा वा बाबुको नाम र ठेगानाबाट नागरिकता दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम दिइने नेपाली नागरिकताको प्रमाणपत्रको लिङ्गको महलमा महिला वा पुरुष वा अन्य उल्लेख गरी लैङ्गिक पहिचान समेत खुलाउनु पर्नेछ ।

(३) यस ऐन बमोजिम वंशजको आधारमा दिइने नागरिकता तथा अङ्गिकृत नागरिकताको प्रमाणपत्रमा त्यस्तो व्यक्तिको स्थायी ठेगाना रहेको प्रदेशको पहिचान समेत खुलाउनु पर्नेछ ।"

८. **मूल ऐनको दफा ९ मा संशोधन**: मूल ऐनको दफा ९ मा रहेको "वंशजको नाताले, जन्मको आधारमा वा अङ्गीकृत" भन्ने शब्दहरुको सट्टा "वंशजको नाताले वा अङ्गीकृत" भन्ने शब्दहरु राखिएका छन् ।

९. **मूल ऐनको दफा १३ मा संशोधन** : मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छ :–

"१३. **नेपाली नागरिकताको एक भन्दा बढी प्रमाणपत्र लिन नहुने**: कसैले पनि तोकिए बमोजिम प्रतिलिपि लिन बाहेक नेपाली नागरिकताको एकभन्दा बढी प्रमाणपत्र लिन हुँदैन ।

तर नेपालको एक ठाउँबाट बसाइ सरी नेपालकै अर्को ठाउँमा गएको व्यक्तिले हाल बसोबास गरेको स्थानको ठेगानाबाट नागरिकता लिन चाहेमा सम्बन्धित कार्यालयले निजले पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।"

१०. **मूल ऐनमा दफा १५ मा संशोधन** : मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छ :–

"१५. **अभिलेख राख्ने**: (१) प्रत्येक नेपाली नागरिकको वैयक्तिक र जैविक विवरण सहितको परिचय खुल्ने अभिलेख राखिनेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख र नेपाली नागरिकताको प्रमाणपत्रको अभिलेख राख्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

११. **मूल ऐनको दफा १७ मा संशोधन** : मूल ऐनको दफा १७ को,–

(१)उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :–

"(१क) उपदफा (१) बमोजिम उमेर सच्याउन चाहने व्यक्तिले नागरिकताको प्रमाणपत्र जारी भएको मितिले एक वर्षभित्र सम्बन्धित अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :–

"(४) नेपाली नागरिकताको प्रमाणपत्र लिई सकेका व्यक्तिले पछि लिङ्ग परिवर्तन गरी परिवर्तित लैङ्गिक पहिचान सहितको नागरिकताको प्रमाणपत्र लिन निवेदन दिएमा सम्बन्धित

संघीय संसद सचिवालय

अधिकारीले आवश्यक सबुद प्रमाण बुझी पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।"

१२. **मूल ऐनको दफा २० मा संशोधन**: मूल ऐनको दफा २० को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

१३. **मूल ऐनको दफा २१ मा संशोधन**: मूल ऐनको दफा २१ को,–

(१) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :–

"(२क) कुनै स्वदेशीलाई झुट्टो विवरणका आधारमा नागरिकता दिलाउने कार्यमा सनाखत वा सिफारिस गर्ने व्यक्तिलाई तीन महिना देखि एक वर्ष छ महिनासम्म कैद वा दश हजार देखि पच्चिस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।"

(२) उपदफा (३) पछि देहायका उपदफा (३क), (३ख) र (३ग) थपिएका छन् :–

"(३क) दफा ८ को उपदफा (१) को खण्ड (ग) बमोजिम गरेको स्वघोषणा झुट्टा ठहरेमा त्यस्तो स्वघोषणा गर्ने व्यक्तिलाई एक वर्ष देखि पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । यसरी झुट्टा स्वघोषणा गरी नागरिकता प्राप्त गरे वापत यस उपदफा बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वतः रद्द हुनेछ ।

(३ख) कसैले दफा १३ विपरीत नेपाली नागरिकताको एक भन्दा बढी प्रमाणपत्र लिएमा त्यस्तो व्यक्तिलाई एक वर्ष देखि पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।यसरी नेपाली नागरिकताको एक भन्दा बढी प्रमाणपत्र लिए वापत यस उपदफा बमोजिम सजाय भएमा निजले लिएको नागरिकताको प्रमाणपत्रको यथार्थता बुझी पहिले लिएको नागरिकता कायम गरी अन्य नागरिकता रद्द गर्नु पर्नेछ ।

तर पहिले लिएको नागरिकतामा झुट्टा विवरण रहेको ठहर भएमा सही विवरण भएको नागरिकता कायम गरी अन्य नागरिकता रद्द गर्नु पर्नेछ ।

(३ग) मनासिब कारण बेगर दफा ८क. को उपदफा (२) बमोजिम जारी गरिएको म्यादभित्र सनाखत गर्न उपस्थित नहुने व्यक्तिलाई तीन महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरीबाना वा दुवै सजाय हुनेछ ।"

१४. **खारेजी**: मूल ऐनको दफा ४ खारेज गरिएको छ ।